मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २० गते आइतबार ❑ 4 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## जनमतसहितको स्पष्ट बहुमतको रणनीतिमा अघि बढेका छौं: उपसभापति डा. स्वर्णिम वाग्ले

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा. स्वर्णिम वाग्लेले रास्वपा अब जनमतसहितको स्पष्ट बहुमतको रणनीतिमा अघि बढिसकेको बताउनुभयो ।

शनिबार पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय सदस्य भेला तथा बृहत पार्टी प्रवेश कार्यक्रममा सम्बोधन गर्दै उपसभापति वाग्लेले रास्वपा अब 'म्याजिक नम्बर' को पछि नलागी जनमतसहितको स्पष्ट बहुमतको रणनीतिमा अघि बढिसकेको दाबी गर्नुभयो ।

संसदमा सीमित संख्यामा रहँदाको अनुभवले रास्वपालाई अब निर्णायक शक्ति बन्नैपर्ने निष्कर्षमा पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो । आगामी निर्वाचनमा आफ्नो पार्टीले प्रतिनिधिसभामा १ सय ५१ सिट जितेर मुलुकलाई नयाँ दिशामा अघि बढाउने दबी गरे । उहाँले भन्नुभयो, "२ सय ७५ सदस्यीय संसदमा २१ सांसदको हैसियतले काम गर्नुपर्दाको पीडा हामीले नजिकबाट भोग्यौं, त्यसैले अब ५०-६० सिटमा सीमित भएर बस्ने होइन, स्पष्ट बहुमतका साथ मुलुक हाँक्ने तयारीमा छौं ।"



उपसभापति वाग्लेले पछिल्ला सात दशकको राजनीतिक इतिहास स्मरण गर्दै ठूला दलहरूले पटक-पटक प्राप्त गरेका ऐतिहासिक अवसर सदुपयोग गर्न नसकेको टिप्पणी गर्नुभयो । २०४८ सालमा नेपाली कांग्रेस, २०६४ सालमा नेकपा माओवादी र २०७६ सालमा नेकपा एमालेले झण्डै दुई तिहाइको अवसर पाए पनि आन्तरिक द्वन्द्व, शक्ति संघर्ष र पदको लुछाचुँडीका कारण ती अवसर गुमाएको उनले जनाए । "अब चौथोपटक मुलुकले नयाँ अवसर पाउँदैछ," उहाँले भन्नुभयो, "विगतका दलहरूले गरेका कमजोरीबाट पाठ सिक्दै रास्वपाले उन्नत, जिम्मेवार र सुसंस्कृत राजनीतिक अभ्यास गर्ने संकल्प लिएको छ ।"

पार्टी विस्तार र सुदृढीकरणका क्रममा केवल 'अर्गानिक' रूपमा मात्र सीमित रहन नपुग्ने उल्लेख गर्दै उपसभापति वाग्लेले विशाल र बलियो पार्टी निर्माणको विकल्प नरहेको स्पष्ट पार्नुभयो । रास्वपाको अभियान दिन दुई गुणा र रात चौगुणा बढि रहेको दाबी गर्दै उहाँले व्यक्तिगत स्वार्थभन्दा माथि पार्टी र पार्टीभन्दा माथि मुलुकलाई राखेर आफुहरु अघि बढेको जनाउनु भयो । उहाँले युवापुस्ताको आशाका केन्द्रका रूपमा रहेका बालेन शाह र कुलमान घिसिङजस्ता व्यक्तित्वहरूलाई अभियानमा जोड्नु पार्टीलाई थप सबल बनाउने उद्देश्यका साथ गरिएको स्पष्ट पार्नुभयो । कार्यक्रममा उपसभापति वाग्लेले थारु समुदाय, दलित समुदायसहित विभिन्न दल र व्यक्तित्वहरू छिट्टै रास्वपाको महाअभियानमा जोडिन लागेको जानकारी दिनुभयो । सोही अवसरमा नेपाली कांग्रेसका पूर्वमन्त्री कुमार खड्का, नेकपा एमालेका नेता तथा व्यवसायी पुष्प अधिकारी र कांग्रेस महाधिवेशन प्रतिनिधि मिलन थापा एकै साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गर्नुभएको छ । कार्यक्रममा रास्वपा उपसभापति डा. स्वर्णिम वाग्ले, प्रवक्ता मनिष झा, नेता समीक्षा बास्कोटा लगायतले उहाँहरुलाई औपचारिक रूपमा पार्टीमा स्वागत गर्नु भएको थियो । कांग्रेसबाट निष्कासनमा परेपछि खड्का रास्वपा प्रवेश गर्नुभएको हो । संघीय महिला, बालबालिका तथा समाज कल्याण मन्त्री र गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री समेत भईसक्नु भएको खड्का माथि पार्टीकै उम्मेदवारलाई हराउन भूमिका खेलेको आरोप लागेपछि कांग्रेसले साधारण सदस्य समेत नरहने गरी कारबाही गरेको थियो। पछिल्लोपटक कारबाही फुकुवा भए पनि आफूले निर्णय लिइसकेको भन्दै कांग्रेस नफर्किने अडानसहित उहाँ रास्वपामा आबद्ध हुनुभएको हो । संघीयताको विरोधको आधारमा गठन गरिएको 'अखण्ड नेपाल पार्टी' बाट २०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक सभासद बनेर संघीय संसद प्रवेश गर्नुभएका खड्का प्रचण्ड नेतृत्वको सरकारमा मन्त्री समेत हुनुभएको थियो । त्यसपछि राजनीतिक भविष्य सुरक्षित गर्ने रणनीति सहित आफ्नो पार्टी कांग्रेसमा विलय गराउँदै गण्डकी प्रदेशबाट समानुपातिक सांसद हुँदै शक्तिशाली मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको थियो । तर पछिल्लो समय कांग्रेस भित्र अवसर नपाएपछि नयाँ शक्तिको रोजाइमा रास्वपा पुगेको राजनीतिक वृत्तको विश्लेषण गर्न थालेका छन् ।

रास्वपामा प्रवेश गर्नुभएकी व्यवसायी मिलन थापा यसअघि कांग्रेस महाधिवेशन प्रतिनिधि रहनुभएको थियो । उहाँ गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाकी भाइबुहारी तथा व्यवसायी ध्रुव थापाकी पत्नी हुनुहुन्छ । कांग्रेसको पारिवारिक राजनीतिक विरासत त्यागेर रास्वपा प्रवेश गर्नुभएको विषयलाई कास्कीमा चासोका साथ हेरिएको छ । त्यसैगरी, एमालेका नेता पर्यटन व्यवसायी पुष्प अधिकारी पनि शनिबारै रास्वपामा आबद्ध हुनुभएको छ । रुपाकोट रिसोर्टका सञ्चालक समेत रहनुभएका अधिकारी अघिल्लो स्थानीय तह निर्वाचनमा पोखरा महानगरपालिकाको मेयरका आकांक्षी हुनुहुन्थ्यो । उहाँ एमाले गण्डकी प्रदेश कमिटी सदस्य हुनु भएको थियो ।

## कास्कीमा अनलाइनबाट एक वर्षमा १९ करोड ठगि, सचेत हुन एसपी कार्कीको अनुरोध

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस

कास्की प्रहरी प्रमुख एसपी नबिन कार्कीले पछिल्लो सयममा अनलाइन ठगिका घट्ना भयाभह रुपमा बढेको बताएका छन् ।

सामुदायिक सेवा केन्द्र एवंम सामुदायिक प्रहरी सेवाको २२ औ वार्षिक साधारण सभाको उद्घाटन गर्दै कास्कीमा एक वर्षमा अनलाइनबाट १९ करोड रुपैया ठगि भएको बताए । उनले अनलाइन ठगिलाई रोक्नका लागि प्रहरी, सामुदायीक प्रहरी र स्थानीय लाग्नु पर्ने बताए । अनलाइन ठगिमा जाने बुझ्ने कै व्यक्ति ठगिएको बताउदै त्यसलाई रोक्नका लागि सबै सचेत हुनु पर्ने बताए । एउटै व्यक्ति अनलाइन मार्फत १ करोड २१ लाख सम्म ठगिएको उजुरी आएको उनले सुनाए ।




घर छेउको छिमेकीलाई सापटी नदिनेहरु चिन्दै नचिनेका व्यक्तिलाई लाखै रुपैया दिने गरेको एपपी कार्कीको भनाई छ । जान्ने मानिसहरु नै प्रलोभनमा परेर फस्ने गरेको उनको भनाई छ । एसपी कार्कीले लेकसाइड क्षेत्रमा सवारी साधनका कारण धेरै जाम हुन थालेको बताए । त्यसको निराकरणका लागि पर्यटन व्यवसायी, प्रहरी र सामुदायीक प्रहरीले छलफल गरेर अगाडी बढ्नु पर्ने बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले फेवाताल संरक्षणका लागि वडा कार्यालय लागेको बताए । उनले फेवातालमा पुरिएको माटो झिक्ने काम अगाडी बढेको बताउदै विकास निमार्णमा कतिपय व्यक्तिले मुद्धा मामिला गरे काम रोक्ने गरेको बताए । त्यसले गर्दा विकासका काम अगाडी बढ्न ढिलाइ हुने गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएमा अर्को थप्न समय दिइने

**रासस**
काठमाडौं, १९ पुस

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूचीमा समावेश भएका कुनै उम्मेदवारले तोकिएको समयमा आफ्नो नाम फिर्ता लिन सक्ने र त्यसरी फिर्ता भएको स्थानमा सम्बन्धित दलले अर्को उम्मेदवार थप्न पाउने जनाइएको छ ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि निर्धारित यही पुस १३ र १४ गते ६४ राजनीतिक दलका तर्फबाट प्राप्त उम्मेदवारीको मनोनयन गरिएकामा त्यसमाथि रुजु भइरहेको जनाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सूचीमा कानुनबमोजिम समावेशी समूह मिले नमिलेको रुजु गरेर यही पुस २० गतेभित्र सम्बन्धित दललाई सूचित गर्ने र तत्पश्चात दलहरूले सच्याएर यही पुस २७ गतेभित्र पुनः पेस गर्नुपर्नेछ । त्यसरी पेस गरिएको संशोधित सूचीमा परेका कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा पुस २८ गतेका लागि समय दिइनेछ । फिर्ता हुन आवेदन दिइएको उम्मेदवारका बारेमा सम्बन्धित दललाई आयोगले सूचित गर्ने र दलले अर्को उम्मेदवार पठाउन पाउनेछ ।

आगामी माघ ४ गते बन्दसूची सार्वजनिक गरिनेछ । आम सर्वसाधारणले त्यो सूचीमा रहेका उम्मेदवार कानुनी रुपमा अयोग्य रहेको भनी दाबीविरोध गरेमा छानबिन गरी माघ २० गते अन्तिम नामावली प्रकाशन गरिने आयोगले जनाएको छ । उक्त सूची तत्पश्चात परिवर्तन हुने छैन ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## कांग्रेस महामन्त्रीद्वारा विशेष महाधिवेशनबारे कानुन व्यवसायीसँग परामर्श

**रासस**
काठमाडौं, १९ पुस

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पार्टीको विशेष महाधिवेशनबारे कानुन व्यवसायीसँग परामर्श तथा छलफल गर्नुभएको छ ।

उहाँहरूले शनिबार यहाँ वरिष्ठ अधिवक्ताहरूसँग पार्टी केन्द्रीय कार्यालयमा गत असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले दर्ता गराएको विशेष महाधिवेशनको प्रस्तावका बारेमा छलफल गर्नुभएको हो ।

छलफलमा वरिष्ठ अधिवक्ताहरूले नेपालको संविधान, दलसम्बन्धी ऐन र कांग्रेसको विधानमा भएको व्यवस्थाका बारेमा जानकारी गराउनुभएको छलफलमा संलग्न वरिष्ठ अधिवक्ता यदुनाथ खनालले जानकारी दिनुभयो । कांग्रेस विधानको धारा १७ (२) मा प्रस्टसँग केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन गरेको तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउन बाध्य र अनिवार्य हुने सुझाउनुभएको थियो ।

विशेष महाधिवेशनको प्रस्तावका सम्बन्धमा केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालय दुवैले विशेषमहाधिवेशनबोलाउन पाउने विधानको व्यवस्थाबारे उपस्थित वरिष्ठ अधिवक्ताहरूले आफ्नो धारणा तथा सुझाव दिनुभएको वरिष्ठ अधिवक्ता खनालले जानकारी दिनुभयो ।

छलफलमा नेपाल डेमोक्र्याटिक लयर्स एसोसिएसनका अध्यक्ष, पूर्वअध्यक्षलगायत कांग्रेस निकट मानिने वरिष्ठ कानुनविद्हरू उपस्थित हुनुहुन्थ्यो । कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबारको बैठकले विशेष महाधिवेशनको प्रस्ताव स्वतः निस्क्रिय भएको ठहरका साथ तालिका संशोधन गर्दै आगामी वैशाख २८ देखि ३१ गतेसम्म काठमाडौँमा पार्टीको १५औँ महाधिवेशनको गर्ने निर्णय गरेको थियो । यसअघि पार्टीको १५औँ महाधिवेशन यही पुस २६ देखि २८ गतेसम्म तोकिएको थियो ।

उक्त निर्णयका सम्बन्धमा महामन्त्रीद्वय थापा र शर्मालगायत पाँच जना नेताले फरक मत दर्ज गर्नुभएको थियो । महामन्त्री थापाले गत असोज २९ गते कांग्रेस केन्द्रीय कार्यालयमा दर्ता भएको विशेष महाधिवेशनसम्बन्धी प्रस्ताव विधानतः लागू गर्न यही पुसभित्र १५औँ महाधिवेशन गरिसक्नुपर्ने बताउनुभएको थियो ।

## देश निर्वाचनमा केन्द्रित भयो: संयोजक दाहाल

**रासस**
काठमाडौं, १९ पुस

नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश निर्वाचनतर्फ केन्द्रित भएको बताउनुभयो ।

प्रेस सेन्टरले शनिबार खाँदबारीमा आयोजना गरेको पत्रकार भेटघाटमा संयोजक दाहालले देश निर्वाचनतर्फ केन्द्रित भइसकेका कारण अहिलेकै सरकारले निर्वाचन गराउने बताउनुभयो । निर्वाचनका लागि दलले समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेको अवस्थामा देश अब चुनावतर्फ होमिएको बताउनुभयो । जेनजी युवापुस्ता निर्वाचनका पक्षमा रहेकाले कुनै शङ्का गरिरहनुपर्ने अवस्था नभएको भन्दै दाहालले अब देशमा सर्वपक्षीय तथा सर्वदलीय सरकार बन्ने सम्भावना नरहेको र

बाँकी अन्तिम पृष्ठमा ▶▶

# हिमालय आँखा अस्पतालद्वारा अर्जुनचौपारीमा ६१ जनाको निःशुल्क मोतिबिन्दु शल्यक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

स्याङ्जाको अर्जुनचौपारी गाँउपालिका वडा नं २ लामडाँडामा आयोजित निःशुल्क आँखा परीक्षण तथा शल्यक्रिया शिविरमा ६१ जनाको मोतिबिन्दुको शल्यक्रिया गरिएको छ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित हिमालय आँखा अस्पताल, अर्जुनचौपारी गाँउपालिकाको आयोजना तथा डाक फाउन्डेशनको आर्थिक सहयोगमा यही पुस १५ र १६ गते सो स्थानमा दुई दिन निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो। नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पतालका बाह्य कार्यक्रम संयोजक तथा नेत्र अधिकृत सुवास नेपालका अनुसार शिबिरमा ५७३ जनाको आँखा परीक्षण गरिएको थियो। शिबिरमा चश्मा आवश्यक देखिएका ७५ जना बिरामीहरूलाई निःशुल्क



चस्मा समेत वितरण गरिएका थियो।

हिमालय आँखा अस्पतालकी नेत्र रोग विषेशज्ञ डा.कृष्णा गुरुङको नेतृत्वमा रहेको स्वास्थ्यकर्मीहरूको टोली आँखा परिक्षण तथा शल्यक्रिया गरेको थियो। अस्पतालले विभिन्न विकास साझेदारहरूसंगको सहकार्यमा गण्डकी प्रदेश तथा कर्णाली प्रदेशमा निःशुल्क आँखा शिबिर सञ्चालन गर्दै आइरहेको छ। नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्दले ‘हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी– आँखा सेवामा साझेदारी’ भन्ने मूल नाराका साथ सङ्घले विभिन्न निकायहरूसँगका सहकार्यमा अस्पतालको पहुँचभन्दा टाढा रहेका नागरिकलाई लक्षित गरी वार्षिक सयौं आँखा शिविर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “ग्रामीण क्षेत्रका न्यून आयस्तर, गरिब तथा विपन्न नागरिक आर्थिक तथा भौगोलिक पहुँचको अभावका कारण स्वास्थ्य समस्या हुँदाहुँदै पनि उपचारबाट वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै सङ्घले उनीहरूको घरआँगनमै पुगेर गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिरहेको छ।”

त्यसैगरी, नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रका अनुसार सङ्घले हालसम्म देशका ६७ जिल्लामा स्थायी आँखा उपचार संरचना स्थापना गरिसकेको छ भने ७७ वटै जिल्लाका नागरिकलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ।

सङ्घले स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिकसहित विभिन्न देशका गरी कुल चार करोड ६८ लाख ६८ हजार ६० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ। यस अवधिमा ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको सङ्घले जनाएको छ।

# वातावरणीय सरसफाईमा बाटुलेचौरका आमाहरु सक्रिय

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस



बिहान बेलुका घरको लुते धन्दामै व्यस्त हुने आमाहरु पछिल्लो समय वातावरणीय सरसफाई र संरक्षणका क्षेत्रका पनि सक्रिय हुन थालेका छन्।

पोखरा १६ बाटुलेचौरमा संरक्षण आमा समुहमा आवद्ध महिलाले प्रत्येक शनिबार विहानको समय वातावरण संरक्षणमा छुट्टयाएका छन्। उनीहरु शनिबारको बिहानै हातमा कुचो, ग्लोव र प्लाष्टिक बोकेर सार्वजनिक स्थलको सरसफाईमा लाग्ने गरेका हुन्। महिलाले शुरुवात गरेको सुधारको कामलाई स्थानीय अमलाबिसौंनी धोविनी पाटन टोल विकास संस्थाले पनि सहकार्य गरेको छ। उनीहरुले आज अमलाबिसौनी देखि मैदानचोकसम्म सरसफाई गरेका छन्।

अमलाबिसौनीबाट शुरु भएको अभियान चमेरे गुफा, महेन्द्र गुफा, संगमचोक, राजपँधेरा हुदै मैदानचोकमा पुगेर सम्पन्न भएको समुहले जनाएको छ। सहभागिले सडकको दाँयाबायाँ भएको फोहर संकलन गर्नुका साथै जथाभावी फोहर नफाल्न स्थानीयलाई सचेतना समेत जगाएको अध्यक्ष पार्वती बस्नेतले जानकारी दिईन्। संकलित फोहरलाई बर्गिकरण गरी व्यवस्थापन समेत गरिएको छ।मर्निङ्ग वाकमा निस्कनेहरुले आफुसँगै कुकुरलाईपनिलैजानेरजथाभावी दिशापिशाव गराउनाले पनि समस्या निम्तिएको उनीहरुको भनाई छ। अभियानमा टोल विकास संस्थाका अध्यक्ष खगेन्द्र थापाले फोहर र मानवीय गतिविधीका कारण पछिल्लो समय वातावरण थप प्रदुषित बन्दै गएको बताउँदै, यसको संरक्षण गर्ने दायित्व पनि समुदायको नै भएको बताए। समुहका अध्यक्ष बस्नेतले घरमात्र सफा राखेर नहुने बताउँदै स्वस्थ हावापानीका लागि वातावरणीय सरसफाई आवश्यक रहेको बताईन्।

कार्यक्रममा टोल विकास संस्थाका पुर्व अध्यक्ष होमबहादुर खड्का, समुहका पुर्व अध्यक्ष लक्ष्मी श्रेष्ठलगायतले अभियानलाई निरन्तरता दिन सुझाव दिए। समुहले घरपालुवा जनावर कुकुरलाई जथाभावी दिशा पिशाव नगराउन सन्देश सहितको पम्प्लेट पनि बिभिन्न ठाउँमा टाँसेका छन्। महत्वपुर्ण पर्यटकीय स्थल महेन्द्र गुफा, चमेरे गुफा रहेको सो स्थानमा आमाहरुको कार्यले सकारात्मक भुमिका खेलेको स्थानीयले बताएका छन्।

# मुस्ताङ र मनाङमा एकैसाथ हिउँचितुवाको सर्वेक्षण

पोखरापत्र संवाददाता
मुस्ताङ, १९ पुस

मुस्ताङ र मनाङमा एकैसाथ दुलर्भ हिउँचितुवाको सङ्ख्या पत्ता लगाउन सर्वेक्षण सुरु गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत मुस्ताङमा एक्याप लोमान्थाङ र एक्याप जोमसोम तथा मनाङमा एक्याप मनाङले एकैसाथ सर्वेक्षण सुरु गरेका हुन्।

यसअघि एक्याप तथा हिउँचितुवासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायले हिउँचितुवाको सम्भावित बासस्थान रहेका स्थानमा सीमित सङ्ख्यामा क्योमरा ट्र्यापिङ गरी सर्वेक्षणगर्दै आएका थिए। यसकारण मुस्ताङ र मनाङमा कतिको सङ्ख्यामा हिउँचितुवा छन् भन्ने यकिन हुन सकिरहेको थिएन। यसवर्ष भने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत मुस्ताङ र मनाङले हिउँचितुवाको सर्वेक्षणका लागि क्यामेरा ट्र्यापिङलगायत काम गरिरहेका छन्। हिउँयामको सर्वेक्षणको उपयुक्त समय भएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले बताउनुभयो। हिउँदयाममा समुन्द्री सतहको करिब चार हजार मिटरको उचाइमा हिउँपर्ने भएकाले घाँसको अभाव हुने भएकाले हिउँचितुवाको आहारा प्रजाति तल झर्छन्। सर्वेक्षणका लागि मुस्ताङका १६१ ग्रीडमध्ये चार पालिकामा १३० वटाभन्दा बढी क्यामेरा ट्र्यापिङ गरिने प्रमुख पौडेलको भनाइ छ। सर्वेक्षणमा हिउँचितुवाको बासस्थान र आवतजावत गर्ने स्थानको उच्चलेंकमा एक्यापका प्राविधिक तथा स्थानीयवासी परिचालन गरिएको उहाँको भनाइ छ। एक्याप लोमान्थाङले माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका विभिन्न हिउँचितुवाको बासस्थान रहने क्षेत्रमा ९९ वटाभन्दा बढी क्यामेरा राखिने योजना रहेको जनाएको छ। यसैगरी, एक्याप जोमसोमले मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ साङ्ता आसपासका क्षेत्रमा ट्र्यापिङका लागि सात वटा क्यामेरा जडान गरेको छ। यसअघि यहाँको मार्फा, चिमाङ, ठिनी, झोङ र छेङ्गुर लगायतका लेंकमा बायोकोस नेपाल र एक्यापले १६ वटा क्योमरा राखिसकेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो। प्रमुख गुप्ताका अनुसार मुस्ताङमा हिउँचितुवाको सङ्ख्या पत्ता लगाउन र हिउँचितुवाको आहारा प्रजातिको अवस्थासम्बन्धी अध्ययनका लागि क्यामेरा ट्र्यापिङ भइरहेको बताउनुभयो।मनाङमापनिअगस्टको दोस्रो सातादेखि हिउँचितुवाको सर्वेक्षणसुरु भइसकेको एक्याप मनाङका कार्यायल प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो। उहाँका अनुसार मनाङमा सर्वेक्षणका लागि १२९ वटा क्यामेरा ट्र्यापिङ गरिसकेको र हाल राखिएका क्यामेराहरुको अनुमगन तथा निगरानी गर्ने काम भइरहेको छ। “हामीले मनाङका चार पालिकामा हिउँचितुवाको बासस्थान क्षेत्रमा क्यामेरा ट्र्यापिङ गर्ने काम सकेका छौं, एकाथ आवश्यक ठाउँमा क्यामेरा थप्ने काम भएको छ”, कार्यालय प्रमुख भुजेल भन्नुभयो, “यहाँ हामीले २२ वटा क्यामेरा हिमाली ब्वाँसोका लागि र बाँकी १०७ वटा क्यामेरा हिउँ चितुवा र चितुवाको अध्ययनका लागि छुट्याएका छौं।”

मुस्ताङ र मनाङमा हिउँचितुवा सर्वेक्षणका लागि राखिएका क्यामेरा छ महिनासम्म फिल्डमै रहने जनाइएको छ। त्यसपछि हिउँचितुवाको सर्वेक्षणका लागि राखिएका क्यामेरा निकालेर डेटा सर्वेक्षण सुरु गरिनेछ।

# हेमजा युनाईटेडको निबन्ध लेखन प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

हेमजा युनाइटेडले आयोजना गरेको अन्तर विद्यालय स्तरीय आधारभूत तहगत निबन्ध लेखन प्रतियोगिता कार्यक्रम शनिवार सम्पन्न गरेको छ।

“शान्तिको खोजीमा बुद्ध” विषयमा लेखिएको निबन्ध प्रतियोगितामा धवलागिरि बोर्डिङ स्कुलकी याङसी अधिकारी प्रथम , धवलागिरि बोर्डिङ स्कुलकै माधवी पौडेल दोस्रो , हेमजा बोर्डिङ स्कुलबाट एली शर्मा तेस्रो र हेमजा युनाईटेडकी सौरभि साही सान्त्वना भएकी छिन्। विजेताले क्रमशः ३ हजार, २ हजार , १ हजार र सान्त्वनाले नगद रु ५०० सहित गौतम बुद्धको चित्र अङ्कित मायाको चिनो, प्रमाणपत्रका साथ सम्मान



गरिएको थियो।

कार्यक्रमकै बिच अन्य सहभागी विद्यालयका विद्यार्थीहरूलाई सहभागिताको प्रमाणपत्रका सम्मान गरिएको युनाईटेका कार्यसमिति सदस्य एवं कार्यक्रम संयोजक मनोज त्रिपाठीले जानकारी दिए।

उक्त प्रतियोगिता निर्णयको भूमिकामा साहित्यकार एवं प्राध्यापक शिव त्रिपाठी रहेका थिए। कार्यक्रम शुभकामना दिँदै गौरीशङ्कर मा।विका प्राचार्य अम्बर कुँवर, हेमजा बोर्डिङ स्कुलका सञ्चालक एवं प्रबन्ध निर्देशक माधव सरण पौडेल, ज्ञान सागर एकेडेमीका प्राचार्य शंकरमणि त्रिपाठी, धवलागिरि बोर्डिङकाका शिक्षक विनोद रेग्मी, दिव्य ज्योति आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिदानन्द त्रिपाठी लगायते हेमजा युनाईटेले खेल सँगै पछिल्लो समय वार्षिक कार्यक्रमको क्यालेन्डर नै तय गरेर सामाजिक क्षेत्रमा पोखरा-२५, हेमजामा रहेका संस्थाहरू मध्यकै एउटा उदाहरणीय संस्थाको रूपमा युनाइटेड लाई स्थापित गर्न सफल भएको उल्लेख गरेका थिए।

हेमजा युनाइटेडका अध्यक्ष कृष्णमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव महादेव अधिकारीले गरेका थिए।

# पोखरा-मुग्लिन सडक आयोजना : पश्चिम खण्डको तेस्रो पटक म्याद थप

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

पृथ्वीराजमार्ग अन्तर्गत पोखरा-मुग्लिन सडक विस्तार तथा स्तरोन्नति योजना (पश्चिम खण्ड)को तेस्रो पटक म्याद थप गरिएको छ।

पर्यटकीय राजधानी पोखरालाई सङ्घीय राजधानी काठमाडौंसम्म जोड्ने यस राजमार्ग एशियाली विकास बैङ्क(एडिबी)को ऋण सहयोगमा चार वर्षदेखि स्तरोन्नतिको काम भइरहेको छ। योजनाको यसअघि दुई पटक म्याद थप गर्दासमेत काम तोकिएको समयमा सम्पन्न हुन नसकेपछि निर्माण कम्पनीको मागअनुसार सडक विभागले विसं २०८३ असार १५ गतेसम्म समय थप गरिदिएको मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “दोस्रो पटकसमेत तोकिएको समयमा काम नसकिएको र ७५ प्रतिशत मात्र भौतिक प्रगति भएपछि हालै पुनःनिर्माण अवधि बढाइएको छ। अब थपिएको समय चालू आर्थिक वर्षमा चार तथा छ लेन सम्पूर्ण सडक खण्ड निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौं।” योजनाका अनुसार पछिल्लो पटक थप गरिएको म्याद गत डिसेम्बर अन्त्यमा सकिएपछि ६ महिना बढाइएको हो। सडक मापदण्डभित्रको विद्युत् पोल र खानेपानी पाइप स्थानान्तरण तथा रुख कटानमा ढिलाइलगायतका कारणले योजना सम्पन्न हुन ढिलाइ भएको बताइन्छ।

यस योजनाको पश्चिम खण्ड अन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेती नदीपुलसम्मको ३८ दशमलव ८८ किमी पर्छ। योजना प्रमुख कुँबरले हालसम्म यस खण्डको तीन चौथाई काम सम्पन्न भएको जानकारी दिनुभयो। प्रथम तहको कालोपत्रे ३७ किमी सकिएको छ। त्यसैगरी दोस्रो तहको कालोपत्रे गर्ने काम करिव ३४ किमी पूरा भएको छ। एकतर्फी कालोपत्र गर्न अब एक किमी बाटो मात्र बाँकी रहेको कुँबरले जानकारी दिनुभयो। त्यसैगरी जामुनेबाट ‘सडक मार्किङ’, ‘थर्मोप्लास्टिक पेन्ट’ र ‘रोड सेफ्टी ब्यारिएर’ राख्ने लगातका काम समेत सुरु भएको छ। यस योजनाको चालू आवमा थप ११ किमी चार लेनमा प्रथम तहको र ३० किमी चार लेनमा दोस्रो तहको अस्फाल्ट कालोपत्रे गरिएको छ। यस खण्डमा एक वटा पुल र दुई वटा कल्भर्ट निर्माणसमेत यसै अवधिमा सम्पन्न भएको छ। मुग्लिन-पोखरा पश्चिम खण्डको विसं २०७८ जेठ २ गते निर्माण सम्झौता भएर विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माण गर्न चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनसँग रु सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो। विसं २०८१ भदौ १२ गतेसम्म म्याद रहेकामा त्यसअवधिमा उल्लेख्य प्रगति नभएपछि पहिलोपटक १०१ दिनका लागि म्याद थप भएको थियो। यसपछि दोस्रोपटक विसं २०८१ पुसमा एक वर्ष म्याद बढाइएको थियो।

## कास्की ...

बताए। कार्यक्रममा सामुदायक प्रहरी सेवा बैदामका संस्थापक अध्यक्ष मंगल नेपाली, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, सामुदायीक प्रहरी सेवा केन्द्रकी अध्यक्ष कुमारी मुना बास्तोला, वातावरण संरक्षणका लागि महाअभियानका संयोजक रामबहादुर पौडेल, महिला सञ्जाल पोखरा ६ का अध्यक्ष बबिता मल्ल लगाएतले शुभकामना दिए। उनीहरुले फेवाताल संरक्षणका लागि सबै एक जुट भएर आगडी बढ्नु पर्ने बताए। फेवातालको सिरानको सिमसार क्षेत्र पुर्नेलाई रोक लगाउनु पर्ने बताए। साधारणसभामा सामुदायिक सेवा केन्द्र एवंम सामुदायिक प्रहरी सेवाका अध्यक्ष ठाकुर बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अनिल थापाले स्वागत, सचिब शान्ता तिमिल्सिनाको महासचिबको प्रतिबेदन, कोषध्यक्ष निर्मला थापाको कोषाध्यक्षको प्रतिबेदन पारिद गरेको छ।

## देश...

अर्को सरकार पुनर्गठन नहुने दाबी गर्नुभयो। काठमाडौं फर्किनुअघि पत्रकारसँग कुरा गर्दै संयोजक दाहालले अहिलेकै सरकारले फागुन २१ गते नै प्रतिनिधिसभा निर्वाचन गराउन सक्षम रहेको बताउनुभयो। “संविधानसभाबाट संविधान बनाउँदै गर्दा नै हामीले वाचा गरेका थियौं, १० वर्षपछि संविधानको समीक्षा गरी संविधानमा भएका सकारात्मक र नकारात्मकका आधारमा संविधान संशोधन र परिमार्जन गर्नेछौं”, उहाँले भन्नुभयो। जेनजी आन्दोलनको मर्मभावनाअनुसार अहिलेका राजनीतिक दलहरुले नयाँ जनादेशमा जानुपर्ने आवश्यकता भएको उहाँको भनाइ छ। निर्वाचनको प्रक्रिया सुरु भइसकेको संसद् पुनःस्थापना नहुने र अहिलेभएकैसरकारलेनिर्वाचनसम्पन्न गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो। नयाँ जनादेश प्राप्त गरिसकेपछि संविधान संशोधनको प्रक्रिया अघि बढाइने बताउनुभयो। नेपाली कम्युनिष्ट पार्टी सङ्खुवासभाको एकता घोषणा कार्यक्रममा सहभागी हुन दाहाल र सहसंयोजक माधवकुमार नेपाल खाँदबारी आउनुभएको थियो।


“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ । – विदुरनीति

## सम्पादकीय

# वास्तविक जनताको प्रतिनिधित्व नहुने अवस्था

निर्वाचन आयोगमा दलहरुले पेस गरेको समानुपातिक सूचीमा परेका व्यक्तिहरू प्रणालीको मर्मविपरीत छन । समानुपातिक प्रणालीलाई नै बदनाम गराउने काम पुराना र नयाँ दलबाट भएको छ । समानुपातिक प्रणाली दलहरूले व्यापारीलाई बेच्ने हतियार भएको छ । पुराना दलको विकल्पमा आएको राष्ट्रिय स्वतन्त्र पार्टीले व्यापारीका छोरा, मालिक, चर्चितहरुलाई घुसाएपछि व्यापक विरोध भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पाँच जनाले समानुपातिक उम्मेदवारी फिर्ता गर्ने घोषणा गरेका छन् । सो पार्टीबाट डा.महेन्द्र लावती, त्रिशला गुरुङ, सचिन ढकाल, आशिफ शाह र टासी ल्हाक्पा शेर्पाले समानुपातिक उम्मेदवारी फिर्ता गर्ने घोषणा गरेका हुन् । शनिबार युवा उद्यमी ढकालले उम्मेदवारी फिर्ता लिने घोषणा गरेका छन् । त्यसअघि लावती, गुरुङ, शाह र शेर्पाले उम्मेदवारी फिर्ता लिने घोषणा थिए ।

अभिनेता तथा टेलिभिजन कार्यक्रम होस्ट शाह रास्वपाको समानुपातिक सूचीमा मुस्लिम पुरुष क्लस्टरबाट एक नम्बरमा थिए । उनी रास्वपाका पूर्वसांसद असिम शाहका दाइ हुन् । त्यस्तै गुरुङ गायिका तथा चिकित्सक हुन् भने शेर्पा पर्वतारोही हुन् । शेर्पा फोर्टिन पिक्स एक्सपिडिसनका सीईओसमेत हुन् । उनी हालै रास्वपामा प्रवेश गरेका टासी मिङ्मा शेर्पाका भाइ हुन् । त्रिशलाले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेख्दै समानुपातिक उम्मेदवारको बन्द सूचीबाट पछि हट्ने जानकारी दिएकी थिइन् । डा.लावती भने प्राध्यापन पेसामा संलग्न छन् ।

सचिन उद्योगपति चन्द्र ढकालका छोरा हुन् । समानुपातिक प्रणालीको मर्म विपरीत हरेक क्षेत्रमा चर्चित भएकाहरु पर्नु विडम्बना हो । संविधानमा मूलतः प्रतिनिधि सभाको संरचना जनसंख्याको बनोटजस्तै होस् र समाजका सबै वर्ग र पक्ष समेटिउन् भन्ने उद्देश्यले समानुपातिक प्रतिनिधित्वको व्यवस्था राखिएको हो । संविधानअनुसार राजनीतक दलहरूले उमेदवारी दिँदा जनसंख्याका आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रका साथै भूगोल र प्रदेशिक प्रतिनिधित्व गराउनुपर्छ ।

समानुपातिक प्रतिनिधित्वको प्रावधान संविधानमा राखिएलगत्तै यसको दुरुपयोग पनि हुन थालेको हो । नेताका नातेदारदेखि धनाढ्य व्यवसायीसम्म पहुँच र पैसाका बलमा समानुपातिक प्रणालीबाट सांसद हुनपुगे । निश्चित आधारविना नेताको तजबिजका आधारमा समानुपातिक सूचीमा नाम राख्न थालिएपछि यस प्रणालीप्रति नै जनमानसमा वितृष्णा बढेको हो । भदौ २३ र २४ गतेको जेनजी विद्रोह र विध्वंसपछि राजनीतिक दलका नेताहरू सुध्रिने अपेक्षा धैरेले गरेका थिए । सबै दलका नेताले आफूहरू बदलिने वचन पनि दिएका थिए । तर समानुपातिक प्रणालीअन्तर्गतको बन्द सूचीले तिनीहरूको पोल खोलिदियो । पुराना त सुध्रिएनन् नै नयाँ पनि पुरानाजस्तै बिग्रिएकै रहेछन् । पुराना विग्रन धेरै वर्ष लागेको थियो ।नयाँ त जन्मने बित्तिकै खोटो देखिए ।

यत्रो बलिदान र विध्वंसपछि पनि संसद् फेरि तरमारा ठालुहरूकै कब्जामा रहने भयो । केही दलले युवाको अनुपात बढाए पनि ती युवा तरमारा वर्गकै प्रतिनिधि न हुन् । यिनको अगिल्लो पुस्ताका कतिपयले त गरिबी भोगेका पनि थिए । अहिलेका तरमाराले त न मुलुक चिनेका छन् न गरिबी भोगेकै छन् । भनिन्छ, जनसंख्याको संरचना प्रतिविम्बित नभएको संसद्ले जनताको प्रतिनिधित्व गर्न सक्तैन । अब बन्ने संसद्ले पनि नेपाली जनताको वास्तविक प्रतिनिधित्व गर्न नसक्ने देखिन्छ । अब जनताले नै विवेक प्रयोग गरी कमजोर वर्गका उमेदवारलाई निर्वाचित गराउन सके मात्र वास्तविक जनताको प्रतिनिधित्व हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | झमेला बढ्ने | तुला | सत्कार मिल्नेछ |
| वृष | शुभ यात्रा | वृश्चिक | अप्रत्यसित लाभ |
| मिथुन | स्वास्थ्यमा सुधार | धनु | शारीरिक झमेला |
| कर्कट | आर्थिक समस्या | मकर | मानसिक तनाव |
| सिंह | कार्यमा सफलता | कुम्भ | व्यापारमा लाभ |
| कन्या | सहयोग मिल्नेछ | मीन | शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङका ४९ स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ पुस

स्वास्थ्य सुविधालाई थप सहज बनाउन यहाँका ४९ स्वास्थ्य संस्थालाई लाखौं मूल्य बराबरका स्वास्थ्य सामग्री सहयोग गरिएको छ ।

नेपाल गाजा डेपलभमेन्ट फाउण्डेसन र फेयरमेड फाउनडेसनका साझेदारीमा सञ्चालित सम्बोधन परियोजनाले जिल्ला सदरमुकामदेखि दूरदराजसम्मका स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री उपलब्ध गराएको हो । परियोजनाले रु ११ लाख २६ हजार २०० को स्वास्थ्य सामग्री तथा फर्निचर उपलब्ध गराएको छ । काठेखोलाका तीन स्वास्थ्य संस्थामा रु दुई लाख ८० हजार ३९५, निसीखोलाका आठ स्वास्थ्य संस्थालाई रु एक लाख १८ हजार ७२९, ढोरपाटनका पाँच स्वास्थ्य संस्थालाई रु एक लाख २८ हजार ७१८, जैमिनी नगरपालिकाका चार वटा स्वास्थ्य संस्थालाई रु ५४ हजार १२७ बराबरको स्वास्थ्य सामग्री र फर्निचर उपलब्ध गराएको परियोजनाका अनुगमन अधिकृत सुजन पौडेलले जानकारी दिनुभयो । त्यसैगरी, बडिगाडका गाउँपालिकाका आठ स्वास्थ्य संस्थालाई रु एक लाख ३२ हजार ३३४, बागलुङ नगरपालिकाका छ वटा स्वास्थ्य संस्थालाई रु एक लाख ९६ हजार ५७४, गलकोटका दुई स्वास्थ्य संस्थालाई रु ४६ हजार ६६९, ताराखोलाका चार वटा स्वास्थ्य संस्थालाई रु ६५ हजार ८२२, तमानखोलाका पाँच वटा स्वास्थ्य संस्थालाई ५९ हजार २१२ र बरेङ गाउँपालिकाका चार वटा स्वास्थ्य संस्थालाई रु ४३ हजार ६१८ बराबरको स्वास्थ्य सामग्री र फर्निचर उपलब्ध गराइएको हो । परियोजनाले प्रसूति प्रतीक्षा घरसमेत निर्माण गरिदिएको छ । बिरामीका लागि स्पाइनल बोर्ड, स्ट्रेचर, ह्वीलचियर, पेरिलाइट, इप्नटी सेट, कलर बकेट, निडिल कटर, सर्जिकल ड्रम, रक्तचाप नाप्ने सेट, टाइमरलगायतका महत्वपूर्ण सामग्रीहरू उपलब्ध गराएको जनाइएको छ ।

# पौष शुक्ल पूर्णिमाः एकमहिने स्वस्थानी व्रतकथा सुरु

**रासस**
काठमाडौं, १९ पुस

पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको एक महिने अवधिमा विभिन्न शक्तिपीठको पूजा आराधना गरिन्छ ।

ती स्थानमा सतीदेवीको अङ्ग पतन भएपछि देवीदेवताको बास रहेको विश्वासका आधारमा यो परम्परा सुरु भएको हो । शनिबारदेखि वैदिक सनातन धर्मावलम्बीले घरघरमा विधिपूर्वक गरिने माघ स्नान, स्वस्थानी व्रत एवं कथा वाचन सुरु गरेर यी देवीदेवताको पूजा आराधना सुरु गर्दै छन् । पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गरिन्छ । पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको सुरुआत् हुन्छ । बिहान माघ स्नान गरी मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्ड अन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुने सुनाउने परम्परा छ । कुल परम्पराअनुसार कथावाचन भने कसैले बिहान त कसैले बेलुकी गर्छन् ।

एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दुर, वस्त्र, भेटी चढाइ व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवम् मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बहाउने व्रत विधि छ । सय रोटी बर्तालु आफैंले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा बर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनी स्कन्द पुराणमा उल्लेख गरिएका नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिनुभयो । "स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी पुराणमा उल्लेख गरिएको छ", उहाँले भन्नुभयो । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग नागिनीको पुनर्मिलन भएको कथामा उल्लेख छ । गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधि अनुसार व्रत गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व'ले जानकारी दिनुभयो ।

यस अवसरमा आजैदेखि एक महिनासम्म उपत्यकाको उत्तर पूर्वीभेगस्थित १८ किमीको दूरीमा रहेको साँखुस्थित शालिनदीमा माघस्नानसहित माधवनारायणको मेला सुरु गरिँदै छ । "माघ महिनामा यहाँ आई स्नान गरेर माधवनारायणको दर्शन गरेमा पाप पखालिई पुण्य कमाइने धार्मिक विश्वास छ, यो विश्वासमा प्रत्येक वर्ष यहाँ लाखौं भक्तजन आउने गर्छन्," इतिहासकार श्रेष्ठले भन्नुभयो । यस वर्षको माधनारायण मेलाका लागि साँखुस्थित शालिनदीमा आजदेखि मेला लाग्दै छ । यसका लागि सबै तयारी पूरा भएको शालीनदी व्यवस्थापन समितिले जनाएको छ । शालिनदीमा स्नान एवं माधवनारायण र श्रीस्वस्थानीको दर्शनका लागि देशका विभिन्न भागका साथै भारतबाट भक्तजन आउने गरेका छन् ।

# आदर्श अर्गानिक कृषक समुहको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस



पोखरा १३, आर्वा स्थित आदर्श अर्गानिक कृषक समुहको अध्यक्षमा शिवप्रसाद बराल निर्वाचित भएका छन् ।

समुहको शनिवार सम्पन्न भएको तेस्रो अधिवेशनले सर्वसम्मत निर्वाचित कार्यसमितिमा उपाध्यक्ष सिता ढुङ्गाना सिग्देल, सचिवमा राजनकुमार सिग्देल, सहसचिवमा मदन बराल र कोषाध्यक्षमा श्रीराम बराललाई चयन गरेको छ । कार्यसमिति सदस्यहरूमा रुद्रनाथ बराल, शंकरबहादुर बराल, सिता परियार र लक्ष्मी पौडेल छानिएका छन् । श्रीराम सिग्देलको संयोजकत्वमा नरबहादुर बराल, ऋषीराम सिग्देल, लक्ष्मी देवकोटा तथा विष्णुप्रसाद बराल सदस्य रहेको निर्वाचन समितिले सर्वसम्मत निर्वाचित गरेको थियो । समुहको तेस्रो अधिवेशन तथा ११औं साधारण सभाको उदघाटन गर्दै समुहका संस्थापक अध्यक्ष कृष्णप्रसाद सिग्देलले कृषक समुहले गरेका गतिविधि तथा कृषि उत्पादनमा निभाएको भुमिका प्रति खुशी व्यक्त गर्नुभयो । उहाँले कृषि व्यवसायमा लागेर पनि अब बाँच्न सकीने अवस्था आएको भन्दै कृषी तथा पशुपालन व्यवसायलाई पहिलो प्राथमिकता दिँदै यसै क्षेत्रलाई अँगालेर सबै अगाडी बढ्न सुझाव दिनु भयो । समुहका सल्लाहकार तथा पत्रकार श्रीराम सिग्देलले समयानुकुल कृषिमा प्रविधि सँगै आधुनिक कृषि उपकरणको प्रयोग गर्दै उत्पादनमा जोड दिनुपर्ने बताउनु भयो । उहाँले कृषि व्यवसायलाई आत्मनिर्भर बनाउन कृषक र उत्पादन बढ्नु पर्ने अनि अर्गानिक उत्पादनलाई महत्व दिन सके कृषिमा आत्मनिर्भर हुन सकिने धारणा राख्नु भयो ।

सिग्देलले कृषक समुहले सरकारले उपलब्ध गराउने कृषि अनुदान तथा कृषकका समस्यामा समयानुकुल समाधान गर्ने गरी पुलको काम गर्नु पर्ने सुझाव दिनुभयो । कार्यक्रममा जागरण आमा समुहकी अध्यक्ष लक्ष्मी देवकोटा, समाजसेवी नरबहादुर बराल, सल्लाहकारहरु ऋषीराम सिग्देल, श्रीकान्त सिग्देल, विष्णुप्रसाद बराल लगायतका बक्ताहरुले कृषि तथा कृषक समुहले खेल्नु पर्ने भूमिका अनी उत्पादनलाई बढाउन गर्नुपर्ने योजना लगायत विविध विषयमा सल्लाह सुझाव दिनुभएको थियो । समुहका अध्यक्ष शिवप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा ,अध्यक्ष बराललले आर्वा विशेषगरी तरकारीको पकेट क्षेत्र रहेको तथा कृषि उत्पादन गरी कृषकलाई आत्मनिर्भर बनाउन अनि समयानुकुल कृषि औजार सँगै प्रविधिलाई जोड दिँदै अगाडी बढ्ने योजना समुहको रहेको जानकारी दिनुभयो । सो अवसरमा समुहकी उपाध्यक्ष सिता ढुङ्गाना सिग्देलले स्वागत तथा सचिव राजनकुमार सिग्देलले कार्यक्रम सञ्चालन गरेका थिए । सभामा अध्यक्ष शिवप्रसाद बरालको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष श्रीराम बरालले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन आवश्यक छलफल र सुझाव सहित सर्वसम्मत पारित गरिएको थियो' । सो अवसरमा समुहका गतिविधी प्रति खुशी हुँदै समाजसेवी नरबहादुर बरालले नगद एक हजार पाँच सय रुपयाँ आर्थिक सहयोग प्रदान गर्नुभएको थियो ।

# बुद्ध विशाल बजार व्यापरिक एशोसियसनको उपाध्यक्षमा मनोहरि पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ पुस



बुद्ध विशाल बजार व्यापरिक एशोसियसनको उपाध्यक्षमा मनोहरि पौडेल चयन भएका छन् ।

एशोसियसनको १४ औं अधिवेशनमा उपाध्यक्षका उमेदवार भनिएका राजु केसीको उमेदवारी एशोसियसनको विधान अनुसार नभएकोले उनको उमेदवारी जिल्ला प्रशासन कार्यालय कास्कीको निर्णय, टिप्पणी,आदेश अनुसार खारेजी भएपछि एशोसियसनको विधान २०५६ को धारा ३१ अनुसार मनोहरि पौडेललाई एशोसियसनको उपाध्यक्ष पदमा चयन गरिएको एशोसियसनका अध्यक्ष बुद्धिवहादुर कुँवरले बताए । बुद्ध विशाल बजार व्यापरिक एशोसियसनका प्रवक्ता समेत रहिसकेका पौडेल हाल पोखरा उद्योग वाणिज्य संघको कार्यसमिति सदस्य समेत हुन् । पौडेल त्रिलोकेश्वर शिव मन्दिर पोखरा २८ को अध्यक्ष, सुर्केमैदान सृजनशिल क्लव कालिकाको संस्थापक अध्यक्ष, पत्रकार महासंघ कास्कीको प्रदेश परिषद सदस्य रहेका पौडेल नेपालय न्युज डटकमका सह सम्पादक समेत रहेका छन् ।

बुद्ध विशाल बजार व्यापरिक एशोसियसनको उपाध्यक्षमा चयन भए पछि पौडेलले भने 'आफू नियम कानुनलाई सधैव माने बताउँदै एशोसियसनको निर्वाचनमा निर्वाचन समितिका संयोजकले आफुलाई पुर्वाग्रहपुर्ण रूपले अन्याय गरेको भएता पनि एशोसियसनको विधान अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीले आफुलाई न्याय दिएकोमा आभार व्यक्त गरे । पौडेलले आफू एशोसियसनको उपाध्यक्ष पदमा रहदा संस्थागत विकास र बुद्ध विशाल बजारका व्यवसायीहरूको हकहितका लागि सधैंव काम गर्ने प्रतिबद्धता जाहेर समेत गरेका छन् ।

हालै सम्पन्न भएको बुद्ध विशाल वजार व्यापरिक एसोसियसनको २७ औं वार्षिक साधारण सभा एवं १४ औं अधिवेशनले अध्यक्षमा बुद्धिबहादुर कुँवर महासचिवमा थमनसिंह गुरुङ, सचिवमा शान्ति श्रेष्ठ, कोषाध्यक्षमा गोविन्द दाहाल तथा सदस्यहरुमा कृष्ण कुँवर, अनु थापा, शम्भु खत्री, सन्जय श्रेष्ठ, प्रकाश पौडेल, दिनेश गुरुङ, ईन्द्रमाया गुरुङ र लक्ष्मण आचार्यलाई निर्वाचित गरीसकेको थियो ।

# क्यानको वार्षिक खेल तालिका सार्वजनिक

**रासस**
काठमाडौं, १९ पुस

नेपाल क्रिकेट सङ्घ (क्यान) राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलकुद प्रतियोगिता समेटिएको वार्षिक खेल तालिका सार्वजनिक गरेको छ ।

क्यानद्वारा शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा क्यानका सचिव पारस खड्काले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिता समेटिएको वार्षिक क्यालेन्डर सार्वजनिक गर्नुभएको हो । क्यालेन्डरको राष्ट्रिय प्रतियोगितामा जनवरीमा पुरुष प्रधानमन्त्री कपबाट हुनेछ । जसअन्तर्गत जनवरी ५ देखि २५ तारिखसम्म जिल्ला चरण र जनवरी २५ देखि फेब्रुअरी १० सम्म प्रदेश चरणका खेलहरू आयोजना गरिनेछन् । त्यस्तै, फेब्रुअरीमा पुरुष प्रधानमन्त्री कप प्रदेश चरण निरन्तरता पाउनेछ भने फेब्रुअरी १२ देखि २२ सम्म जय ट्रफी आयोजना हुनेछ । यही महिनामा राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको जिल्ला चरण पनि सञ्चालन हुनेछ ।

त्यस्तै मार्चमा पुरुष प्रधानमन्त्री कपको राष्ट्रिय चरण मार्च २८ देखि अप्रिल २२ सम्म सञ्चालन हुनेछ । यसै अवधिमा राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको प्रदेश चरण तथा महिला प्रधानमन्त्री कपको जिल्ला चरण आयोजना गरिने क्यालेन्डरमा उल्लेख छ । अप्रिलमा महिला प्रधानमन्त्री कपको प्रदेश चरण, पुरुष यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताको जिल्ला तथा प्रदेश चरण र अन्य क्यान कार्यक्रम सञ्चालन हुनेछन् । मेमा महिला प्रधानमन्त्री कपको राष्ट्रिय चरण मे २ देखि २० सम्म आयोजना हुनेछ । यसैमहिना राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको राष्ट्रिय चरण तथा यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता र क्यान युथ क्याम्प आयोजना हुनेछन् । जुनमा सातै प्रदेशमा क्यान लेभल १ कोचिङ कोर्स सञ्चालन गरिनेछ भने जुन १५ देखि २५ सम्म राष्ट्रिय टी-२० च्याम्पियनसिप आयोजना गरिनेछ ।

जुलाईमा क्यान लेभल २ कोचिङ कोर्स तथा पिच क्युरेटर कोर्स सञ्चालन हुनेछन् । अगस्ट महिनामा क्यान लेभल १ अम्पायरिङ कोर्स आयोजना गरिनेछ । सेप्टेम्बरदेखि अक्टोबरसम्म महिला लङ्गर फर्म्याट प्रतियोगिता आयोजना गर्ने प्रस्ताव गरिएको छ ।

# बेनीमा माघे सङ्क्रान्ति मेलाको तयारी

पोखरापत्र संवाददाता
बेनी, १९ पुस

सदरमुकाम बेनीमा '११औँ माघेसंक्रान्ति मेला' तथा 'खाना महोत्सव एवं कृषि मेला' आयोजना हुने भएको छ।

म्याग्दी उद्योग वाणिज्य सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिको आयोजनामा यही पुस ३० देखि आगामी माघ ३ गतेसम्म बेनीको खुलामञ्चमा मेलाको आयोजना गरिनेछ।

शनिबार यहाँ आयोजित पत्रकार सम्मेलनमा महिला उद्यम विकास समितिका सभापति अम्बिका श्रेष्ठले परम्परागत माघे संक्रान्ति मेलाको जगेर्ना, स्थानीय कला संस्कृतिको संरक्षण, महिला उद्यमीहरुको प्रोत्साहन तथा पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले मेला आयोजना गरिएको बताउनुभयो। मेलामा जिल्लाभरबाट कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी,



स्थानीय उत्पादन र लघुउद्यमीहरुले उत्पादन गरेका वस्तु तथा सामग्रीको खरिद बिक्री समेत हुने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। मेलामा खुला लोकनृत्य, खाना प्रतियोगिता, महिला उद्यमीहरुले उत्पादन गरेको सामग्रीको प्रतियोगिता, दुनाटपरी र बाटेको धुप बनाउने प्रतियोगिता, खुला अन्धनिसान, लठो तान्ने, जिल्लाको पर्यटकीय स्थलहरुको विद्यालयस्तरीय पेन्टिङ प्रतियोगिता र छेलोलगायत प्रतियोगिता सञ्चालन हुने महिला उद्यम विकास समितिले जनाएको छ। उद्यमशील सोचको विकासका लागि मेलामा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुको उद्यमशील व्यावसायिक योजना प्रतियोगिता समेत समावेश गरिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो। उहाँले माघे संक्रान्ति मेलाले महिला उद्यमीहरुको नेतृत्व क्षमताको विकास हुनुको साथै जिल्लामा लुकेर रहेका प्रतिभा, कला संस्कृति र मौलिक भेषभूषाको समेत प्रवर्द्धनमा सघाउ पुग्ने बताउनुभयो। मेलाको उद्घाटनका दिन बेनी बजारमा विभिन्न जातजातिहरूले मौलिक कलासंस्कृति झल्किने झाँकी प्रदर्शन गरिने भएको छ। मेलामा स्थानीय तथा राष्ट्रिय कलाकारहरुको साँगेतिक प्रस्तुतिसमेत रहनेछ। मेलामा कृषि ज्ञान केन्द्रको सहकार्यमा स्थानीय, रैथाने कृषिसँग सम्बन्धित उत्पादनको प्रदर्शनी तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहकार्यमा पशुजन्य उत्पादनको प्रदर्शनी समेत राखिने भएको छ। मेलालाई सफल बनाउन विभिन्न उपसमिति समेत गठन गरी तयारी थालिएको समितिका महासचिब प्रमिला जोशी श्रेष्ठले जानकारी दिनुभयो।

# बन्दीपुर भ्रमण वर्षमा साढे छ लाख पर्यटक भित्रिए

पोखरापत्र संवाददाता
तनहुँ, १९ पुस

बन्दीपुर भ्रमण वर्ष २०२५ को अवसरमा बन्दीपुरमा छ लाख ५० हजार पर्यटक भित्रिएका छन्। तनहुँको पहाडकी रानी नामले परिचित बन्दीपुरमा सन् २०२५ को अवसरमा छ लाख ५० हजार पर्यटक भित्रिएका हुन्।

बन्दीपुर भ्रमण वर्ष सचिवालय संयोजक वैशबहादुर गुरुङले बन्दीपुर भ्रमण वर्षमा एक लाख तीन हजार विदेशीले भ्रमण गरेको जानकारी दिनुभयो। त्यस्तै भारतीय र आन्तरिक पाँच लाख ४७ हजार पर्यटक बन्दीपुर आएको गुरुङले बताउनुभयो।

गुरुङका अनुसार बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्यान्ड्स, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्यान्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्यान्ड, ताइवान, स्वीटजरल्यान्ड, मलेसिया, होल्यान्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएका छन्। बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि घोषणा गरिएको बन्दीपुर भ्रमण वर्षले यहाँको प्रचारप्रसारमा ठूलो सहयोग पुगेको गुरुङको भनाइ छ। उहाँले भन्नुभयो, "बन्दीपुर



भ्रमण वर्षका बारेमा देश तथा विदेशमा प्रचारप्रसार गर्न सफल भयौँ, जसले बाह्य र स्वदेशी पर्यटकलाई बन्दीपुरसम्म आकर्षित गर्न सकियो।" बन्दीपुर गाउँपालिकाको संरक्षकत्वमा घोषणा गरिएको बन्दीपुर भ्रमण वर्षका क्रममा विभिन्न कार्यक्रम गरिएको थियो।

भ्रमण वर्षमा गाउँपालिकाभित्रका सबै वडामा रहेका पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरिएको थियो। बन्दीपुर बजारमात्रै नभई गाउँगाउँमा रहेका गन्तव्य परिचित गराउने र त्यस ठाउँमा पर्यटक पुऱ्याउने लक्ष्य लिइएको र लक्ष्य सफल भएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो। गण्डकी प्रदेशको पोखरापछिको प्रमुख पर्यटकीय गन्तव्य बन्दीपुरका छवटै वडाका पर्यटकीयस्थलको दिगो विकासका लागि पर्यटकीय केन्द्र बनाउने सोच राखिएको थापाको भनाइ छ। भ्रमण वर्षका अवसरमा एक वर्षमा २४ वटा सांस्कृतिक कार्यक्रम, साहित्यिक सम्मेलन, साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिएको थियो। खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरनारपानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यको रुपमा सूचीकृत गरेको छ। भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ।

# जन्मोत्सवमा अध्यक्ष पाण्डेको विद्यालयमा न्यानो सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

बर्दिया जिल्लाको गुलरिया स्थित राधाकृष्ण थारू बगलामुखी माध्यमिक विद्यालयको परिसरमा सामान्यभन्दा फरक देखिन्थ्यो। कक्षा सुरु हुनुअघि नै विद्यार्थीहरूको अनुहारमा उत्सुकता थियो, शिक्षकहरूमा चहलपहल थियो, र वातावरणमा कुनै विशेष क्षण आउँदैछ भन्ने अनुभूति फैलिएको थियो। त्यो विशेष क्षण थियो उद्योग वाणिज्य संघ बर्दिया, गुलरियाका अध्यक्ष देवेन्द्र पाण्डेको जन्मोत्सव। तर यो जन्मदिन केक, मैनबत्ती र तालीको सीमामा सीमित रहेन। पाण्डेले हालै आफ्नो जन्मोत्सवको अवसर पारी विद्यालयमा गएर मनाएका थिए।

यसले विद्यालयका आर्थिक रूपमा विपन्न बालबालिकाको जीवनमा न्यानोपन र आशा बोकेर आयो। अध्यक्ष पाण्डेले आफ्नो जन्मोत्सवको अवसर पारेर राधाकृष्ण थारू बगलामुखी माध्यमिक



विद्यालयमा अध्ययनरत ४२ जना विद्यार्थीलाई न्यानो लुगा वितरण सँगै सवै विद्यार्थीलाइ कपडा लगाइदिएका हुन्। चिसो मौसममा न्यानो कपडा पाउँदा विद्यार्थीहरूको अनुहारमा देखिएको खुशी शब्दमा व्यक्त गर्न कठिन थियो। विद्यालयका प्रधानाध्यापक मतिराम शर्माका अनुसार यस्तो सहयोगले केवल विद्यार्थीको दैनिक आवश्यकता पूरा गरेको छैन, उनीहरूलाई समाजले हेरेको माया र अपनत्वको अनुभूति पनि गराएको छ। "अध्यक्ष पाण्डेले जन्मोत्सव विद्यालयमै आएर मनाउँदै बालबालिकालाई न्यानो लुगा वितरण गरेको पोखरापत्रलाई वताए। विद्यालय परिवार उहाँप्रति आभारी छ," प्रधानाध्यापक शर्माले भने। प्रधानाध्यापक शर्माले विद्यालय परिवारको तर्फबाट अध्यक्ष पाण्डेलाई जन्मोत्सवको हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता रचनात्मक र सामाजिक कार्य निरन्तर हुने अपेक्षा राखे। जन्मोत्सवका अवसरमा अध्यक्ष पाण्डे स्वयंले पनि भावुक शब्दमा आफ्ना भावना व्यक्त गरे। "सक्नेले नसक्नेलाई सहयोग गर्नुपर्छ भन्ने सोचले आफ्नो जन्मदिन बालबालिकासँग बाँड्न चाहें," उनले भने। "विद्यालयमै आएर जन्मोत्सव मनाउन पाउँदा मनदेखि खुसी लागेको छ। यो खुशी अरू कुनै उत्सवभन्दा फरक छ। उनका अनुसार सामाजिक उत्तरदायित्व बोक्ने व्यक्तिले समाजप्रति केही न केही योगदान गर्नैपर्छ। "आगामी दिनमा पनि शिक्षा, बालबालिका र सामाजिक क्षेत्रमा सकेको सहयोग गर्दै जानेछु," उनले प्रतिबद्धता व्यक्त गरे। विद्यालय परिसरमा वितरण गरिएका न्यानो लुगाले बालबालिकाको शरीर त न्यानो बनायो नै, साथसाथै उनीहरूको मनमा पनि आत्मविश्वास र भविष्यप्रतिको आशा जगाइदियो। जन्मोत्सवको एउटा दिन यसरी दर्जनौं बालमनमा खुशी र न्यानोपनको सम्झना बनेर बस्नेछ। गुलरियाको एउटा विद्यालयमा मनाइएको यो जन्मोत्सव केवल व्यक्तिगत खुशीको क्षण मात्र रहेन, यो समाजप्रतिको जिम्मेवारी र मानवीय संवेदनाको सन्देश बनेर फैलाएको छ।

# त्रिवेणीमा कलेजमा स्नातक तहका पहिलो बर्षका विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १९ पुस

त्रिवेणी इन्टरनेशनल कलेजको विद्यार्थी कल्याणकारी समितिले स्नातक तहका नवआगन्तुक विद्यार्थीका लागि शुक्रबार स्वागत कार्यक्रम सम्पन्न गरेको छ।

स्वागत कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं. ३० का अध्यक्ष दुर्गाप्रसाद सुवेदीले विद्यार्थीको अध्ययनसँग अभिभावक र कलेजको सपना समेत जोडिएको उल्लेख गर्दै अध्ययनमा जोड दिन आग्रह गरे।

फरक फरक विद्यालयबाट +२ अध्ययन गरेर आएका विद्यार्थी स्नातक तहमा आएपछि थप जिम्मेवार बन्न आग्रह गरे।

लेखनाथमा दुईवटा विश्वविद्यालय हुँदा पनि नीजि क्षेत्रबाट संचालित त्रिवेणी कलेजमा विद्यार्थीको आकर्षण हुनु चुस्त व्यवस्थापनका कारण संभव भएको उल्लेख गरे। कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुमन भट्टराईले अभिभावकको




विश्वास, विद्यार्थीको मेहनत र शिक्षकहरुको समन्वयका कारण उत्कृष्ट नतिजा ल्याउन सफल भएको उल्लेख गरे। भट्टराईले कलेजबाट उत्पादित जनशक्ति व्यवस्थापनका लागि लेखनाथका विभिन्न संस्थासँग सहकार्य भएको उल्लेख गरे। उनले नवआगन्तुक विद्यार्थीका समस्यालाई कलेजले सहकार्य गर्दै गुणस्तरीय शिक्षामा जोड दिइएको बताए। विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष बिबेक केसीको अध्यक्षतामा भएको कार्यक्रममा कलेज संचालक समितिका पूर्व अध्यक्ष बाबुराम गिरी, निर्वतमान क्याम्पस प्रमुख यदुराज आचार्य, कल्याणकारी समितिका संस्थापक अध्यक्ष कमल गौतम, कल्याणकारी समितिका उपाध्यक्ष स्वच्छन्द आत्रेय, अमिसा तिवारी लगायतले नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्दै, अध्ययनमा जिम्मेवार हुन आग्रह गरेका थिए।

कार्यक्रममा स्नातक तहका विद्यार्थीहरुले गित संगित प्रस्तुत गरेका थिए। कार्यक्रमको संचालन विद्यार्थीद्धय कविता भट्टराई र विनोद बि.क ले गरेका थिए। विविएसको अध्यापन हुँदै आएको कलेजमा २ सय १७ जना नयाँ विद्यार्थी स्नातक तहमा भर्ना भएका छन् भने कलेजमा स्नातक र स्नाकोत्तर तहमा गरी छ सय ४९ जना विद्यार्थी अध्ययनरत रहेका छन्।

# एक हप्तादेखि सम्पर्कविहीन महिला मृत फेला

रासस
दमौली, १९ पुस

तनहुँको भानु नगरपालिका-५ बारीफाँट निवासी ४६ वर्षीया सुष्मा पौडेल मृतावस्थामा भेटिनुभएको छ।

एक हप्तादेखि सम्पर्कविहीन पौडेल शनिबार मर्स्याङ्दी नदी किनारमा मृतावस्थामा फेला परेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय आँबुखैरेनीमा कार्यरत प्रहरी हवल्दार रुद्र गुरुङ र जवान दीपेन्द्रराज शाहीले नदीमा शव बगिरहेको देखपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहकार्यमा नदीबाट शव निकालिएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

शव परीक्षणका लागि प्रदेश अस्पताल दमौली पठाइएको छभने घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## धितो लिलाम गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०९/२०**

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणीले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक पटक पत्राचार गरी ताकेता गर्दा तिर्न बुझाउन नआएकोले मिति २०८२/०३/३१ गते प्रथम पटक ३५ दिने सार्वजनिक सूचना, मिति २०८२/०५/२३ गते दोश्रो पटक १५ दिने सार्वजनिक सूचना मिति २०८२/०६/०७ गते तेश्रो पटक ७ दिने सार्वजनिक सूचना र मिति २०८२/०८/१३ गते अन्तिम पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, व्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (जग्गा) जहाँ जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन, २०७४ को दफा ७९ र नियमावली, २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि ३५ दिने सूचना प्रकाशन गरिएकोछ। अतः ३६ औं दिन मिति २०८२/१०/२५ गते दिनको २:०० बजे संस्थाको कार्यालय पोखरा-७ घारीपाटनमा डाँक बढाबढ प्रक्रिया मार्फत लिलाम बिक्रि गर्ने भएको हुँदा उक्त जग्गा खरिद गर्न इच्छुक महानुभावहरु कार्यालय समयमा संस्थामा स्वयम उपस्थित भई प्रतिबद्धता फारम भरी प्रतिबद्धता फारममा उल्लेखित सर्त मञ्जुर गरी बोलपत्र खुल्ने दिन उपस्थित हुन सूचित गरिन्छ। डाँक बढाबढ हुने दिन ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ। तर कोही उपस्थित नभएको कारणले मात्र डाँक बढाबढ गर्न बाधा पर्ने छैन। सो दिन डाँक बोल्ने कुनै पनि व्यक्ति उपस्थित नभएमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम उक्त धितो रहेको सम्पति (जग्गा) संस्थाको नाममा दाखिल खारेज भै जाने व्यहोरा सूचित गरिन्छ। सुरक्षणमा रहको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा धनजमानत दिने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट अशुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

**तपसिल**

| | |
|---|---|
| ऋणीको नाम : | बत्ती वि.क. |
| ऋणीको ठेगाना : | आधिखोला ३, स्याङजा हाल पोखरा-१७, विरौटा |
| धनजमानीकर्ताको विवरण : | भिम बहादुर विश्वकर्मा<br>बाबु : पुर्ण बहादुर वि.क.<br>बाजे : गोरे बहादुर वि.क.<br>आधिखोला ३, स्याङजा, हाल पोखरा-१७ विरौटा |
| धितोको विवरण : | स्याङजा जिल्ला आधिखोला गा.पा. वडा नं. ३ बस्ने पुर्ण बहादुर वि.क.को बुहारी भिम बहादुर विश्वकर्माको श्रीमती वर्ष ५७ को बत्ती वि.क. को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा गा.वि.स. वडा नं ७ को हाल पोखरा म.न.पा. वडा नं. ३१ को कित्ता नं. ३५८३ को क्षेत्रफल ४९६.७३ व.मी जग्गा कित्ता-१ |

**शर्त बन्देजहरु :**

१. डाँक बढाबढ गर्ने कार्यमा भाग लिन कुनै पनि शुल्क लाग्ने छैन।
२. डाँक बढाबढमा भाग लिई सबै भन्दा बढी डाँक बोली डाँक परेमा कबोल गरेको रकमको १० प्रतिशत रकम सोहि दिन संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहाने व्यक्तिले कार्यालय समय भित्र सम्पर्क गरेर हेर्न सकिने छ। अन्य सेवा तथा सर्तहरु प्रतिबद्धता फारममा उल्लेख गरे अनुसार हुनेछ।

**सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-७, घारीपाटन, कास्की**
**फोन नं.: ०६१-४५६७२२, ९८५६०७६७२२**